# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, वैशाख ३० गते, २०७४ साल (अतिरिक्ताङ्क २+ग


## भाग ५

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले संवत् २०७४ साल बैशाख ३१ मा हुने स्थानीय तह निर्वाचनमा हुम्ला जिल्ला खार्पुनाथ गाउँपालिका वडा नं. ३ का महिला वडा सदस्य पदका उम्मेदवारको मृत्यु भएको कारण स्थानीय तह निर्वाचन ऐन,२०७३ को दफा २७ बमोजिम सो वडाको लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।२।१ | | १०.०० | १०.१५ | सम्बन्धित मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।२।१ | | | १०.२५ | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७४।२।१ | | १०.३५ | १०.५५ | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र जाँच गर्ने | २०७४।२।१ | | ११.०० | ११.१५ | ऐ. ऐ. | |
| ५. | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।२।१ | | | ११.२० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारले नाम फिर्ता लिने | २०७४।२।१ | | ११.२० | ११.४० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।२।१ | | | ११.४५ | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने | २०७४।२।१ | | ११.५० | ११.५५ | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४।२।५ | | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य** :

१. नेपाल कम्युनिष्ट पार्टी (एमाले) राजनीतिक दलको तर्फबाट महिला वडा सदस्य पदका उम्मेदवारको मृत्युका कारण सो वडाका लागि मात्र पुनः निर्धारण गरिएको निर्वाचन कार्यक्रम भएकाले यस कार्यक्रममा सो दलका तर्फबाट मात्र सोही पदका लागि उम्मेदवारको मनोनयनपत्र पेश गर्न सकिनेछ ।

२. खार्पुनाथ गाउँपालिका वडा नं. ३ अन्तर्गतका मतदान केन्द्र बाहेक अन्य वडाका मतदान केन्द्रमा साविक निर्वाचन कार्यक्रम अनुसार २०७४ वैशाख ३१ गते आइतबार बिहान ०७.०० बजेदेखि अपराह्न १७.०० बजेसम्म मतदान हुनेछ ।

३. खार्पुनाथ गाउँपालिका वडा नं. ३ अन्तर्गतका मतदान केन्द्रमा यस कार्यक्रम अनुसार २०७४ जेठ ५ गते बिहान ०७.०० बजेदेखि अपराह्न १७.०० बजेसम्म मतदान हुनेछ ।

४. साविक कार्यक्रम अनुसार २०७४ वैशाख ३१ गते मतदान भएका सबै मतदान केन्द्रको मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा ल्याई सुरक्षित रूपमा राखिनेछ ।

५. यस कार्यक्रम अनुसार २०७४ जेठ ५ गतेको मतदान सम्पन्न भई सबै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा सुरक्षित रूपमा प्राप्त भएपछि निर्वाचन अधिकृतबाट मतगणनाको कार्य सुरू गरिनेछ ।

**आज्ञाले,**
**गोपीनाथ मैनाली**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार